सिक्किम र असमबाट एकैसाथ प्रकाशित
हाम्रो प्रजाशक्ति
गान्तोक, वर्ष १८, अङ्क ३०२, १२ जनवरी, २०१८
विक्रम संवत् २०७४, पुष २८ गते, शुक्रवार

# निवेशको बाटो

विकास दरमा तेजी ल्याउनको लागि प्रत्यक्ष विदेशी निवेशलाई आकर्षित गर्नु केन्द्र सरकारको प्राथमिकता रहेको छ। भाजपा सरकार सत्तामा आएपछि नै प्रधानमन्त्री नरेन्द्र मोदीले दुनियाका तमाम सम्पन्न देशहरुको यात्राहरु गरे र त्यहाँ बसेका भारतीयहरुलाई यहाँ आएर कारोबार शुरु गर्नको लागि आह्वान गरेका थिए। विदेशी कम्पनीहरुको कारोबारमा आउने रोकावटहरुलाई टाढो गर्ने पनि प्रयास गरियो। तर भाजपा सरकार सत्तामा आएको साँढे तीन वर्षपछि पनि अपेक्षित प्रत्यक्ष विदेशी निवेश यस सरकारले जुटाउन सकेको छैन। नोटबन्दी र जीएसटीपछि विकास दरको रफ्तार सुस्त भएको छ।

जबकि सरकारको लक्ष्य विकास दरलाई आठ प्रतिशतसम्म पुऱ्याउनु हो। तर त्यो सम्भव देखिएको छैन। महँगाईमाथि काबु पाउन पनि चुनौती साबित भएको छ। यस्तोमा प्रत्यक्ष विदेशी निवेशलाई बढावा दिने उद्देश्यले केन्द्रिय मन्त्रीमण्डलले विदेशी कम्पनीहरुको लागि एकल ब्राण्ड खुदरा कारोबार र भवन निर्माणको क्षेत्रमा सय प्रतिशत निवेशको बाटो खोलिदिएको छ। खुदरा कारोबारमा अहिलेसम्म प्रत्यक्ष विदेशी निवेशको सीमा उनचास प्रतिशत थियो। त्यसभन्दा अधिकको लागि सरकारबाट अनुमति लिनुपर्दथ्यो। यसबाहेक विमानन क्षेत्रमा उनचास प्रतिशत निवेशको छूट प्राप्त भएको छ। मानिन्दैछ कि यसले प्रत्यक्ष विदेशी निवेशको दरमा बढोत्तरी हुनेछ। जबकि केही मजदूर संगठनहरुले सरकारको यस फैसलाको विरोध गर्दैछ। तिनीहरुको भनाई छ कि यसले देशी कम्पनीहरुको कारोबारमा प्रतिकूल असर पर्नेछ। तिनीहरुको तर्क छ कि भाजपाले आफ्नो चुनाउ प्रचारमा विदेशी प्रत्यक्ष निवेशको विरोध गरेको थियो,यसकारणले यो निर्णय असंगत मानिन्दैछ। जबकि सरकारको चिन्ता यस कुरालाई लिएर छ कि प्रत्यक्ष विदेशी निवेशलाई बढावा नदिकन विकास योजनाहरुको गति प्रदान गर्न सकिन्दैन। स्मार्ट सिटी बनाउनु, स्वच्छ भारत र वस्तुहरुको मूल्य तर्कसंगत बनाउने सपना अधुरो रहनेछ। यो मानिन्छ कि बजारमा प्रतिस्पर्धा बढ्दा मूल्यहरुलाई सन्तुलित बनाउनमा सफलता प्राप्त हुँदछ। दूरसंचार कम्पनीहरुबीच प्रतिस्पर्धाको परिणाम सबैको सामू छ।

यस्तै प्रकारले प्रतिस्पर्धाले खुदरा वस्तुहरुको मूल्यमा कमी ल्याउने आशा बन्दछ। विदेशी कम्पनीहरु आउनाले विमाननको क्षेत्रमा पनि प्रतिस्पर्धा बढ्नेछ। तर यसले कति प्रत्यक्ष विदेशी निवेश बढ्नेछ, जसले अर्को क्षेत्रहरुमा हुने सुस्तीपनालाई मेटाउनमा सहयोग गर्नेछ, भन्न मुस्किल छ। भारत जस्तो देशहरुको अघि ठूलो चुनौती आफ्नो उत्पादहरुको लागि बजार खोज्नु रहेको छ। उत्पादनको क्षेत्रमा यहाँ सन्तोषजनक तरक्की देखिन्छ, तर निर्यातको मामिलामा स्थिति अत्यन्त खराब छ। विदेशी बजारमा आफ्नो उत्पादहरुको लागि स्थान बनाउन कठिन काम साबित भएको छ। जबकि विदेशी कम्पनीहरुले हाम्रो बजारको धेरै अधिक हिस्सा छेकेर राखेको छ। आयातको दर निर्यातको तुलनामा धेरै अधिक छ। यस्तोमा खुद्रा कारोबारमा विदेशी कम्पनीहरुको लागि सय प्रतिशत निवेशको छूटले बजारमा देशी कम्पनीहरु र उत्पादकहरुले अधिक चुनौतीहरुको सामना गर्नुपर्ने हुन्छ। मूल्य नियन्त्रित गर्नको लागि विदेशी वस्तुहरुबाट बजारलाई पाट दिनु कुनै अन्तिम उपाय मानिन्दैन। सन्तुलित विकास दरको लागि देशी कारोबरलाई बढावा दिनु पनि जरुरी छ। पहिला हाम्रो यहाँ सानो र मझौला कारोबार कठिनाईहरुबाट गइरहेका छन्। विदेशी कम्पनीहरुको लागि निर्बाध बाटो खोलिदियो भने तिनीहरुको कठिनाई अझ बढ्नेछ। यस्तोमा विदेशीको साथ साथ देशी कम्पनीहरुको लागि स्थान बनाउने व्यवहारिक उपाय खोज्ने अपेक्षा स्वाभाविक हुनेछ।

# नटुङ्गिने जेरुसेलम विवाद

- प्रा. ध्रुव कुमार

बितेको वर्ष सन् २०१७ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका केही अतिशयोक्तिपूर्ण निर्णयले अन्तर्राष्ट्रिय राजनीतिमा आफ्ना निकट मित्रराष्ट्रहरूबीच समेत अमेरिकी नीतिप्रति अविश्वसनीयता र असमझदारी बढ़ाएको छ। 'विश्व आर्थिक मञ्च' डोभोसमा घोषित अमेरिकी नीति, 'ट्रान्स-प्यासिफिक पार्टनरसिप' (टीपीपी) व्यापार सम्झौता रद्द गर्नु, पेरिस जलवायु सम्झौता लत्याउनुसितै इरानसित सम्पन्न आणविक सम्झौता अमान्य ठहर्याउनाले अमेरिकाको साख घटेको छ। यसै वर्षको उत्तरार्धमा संयुक्त राष्ट्रसंघको साधारणसभामा पहिलो सम्बोधन गर्दै उत्तर कोरियाका शक्तिशाली नेता किम जोङ उनलाई 'रकेट म्यान' भन्दै मुलुक नै ध्वस्त गरिदिने धम्की दिनु (जबकि राष्ट्रसंघको भूमिका नै विश्वलाई युद्धको विभिषिकाबाट बचाउनु रहेको छ), राष्ट्रिय सुरक्षा रणनीतिको सम्बोधनमा चीन र रुसलाई प्रतिद्वन्द्वी र अमेरिकी वैभव र सुरक्षा कमजोर गर्न खोज्ने राष्ट्रहरू भनी औंल्याउनु अनि जेरुसलेमको मुद्दामा अमेरिकी नीतिको पक्षमा मतदान नगर्ने मुलुकहरूलाई धम्क्याउनुका साथै संयुक्त राष्ट्रसंघलाई दिँदै आएको आर्थिक अंशसमेत कटौती गर्ने भाषाले ट्रम्प प्रशासनको अहंकारपूर्ण कार्यशैली झल्काएको छ। वास्तवमा यो अमेरिकाको प्रभाव र शक्ति संकुचनको संकेत हो।

यति हुँदाहुँदै पनि विश्व समुदायले उत्तर कोरियाको परमाणु अस्त्र विस्तार कार्यक्रमविरुद्ध अमेरिकाद्वारा प्रस्तावित कडा प्रतिबन्धप्रति संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्मा पूर्ण समर्थन जनाएको छ। उक्त थप प्रतिबद्धता र अन्तर्राष्ट्रिय एकबद्धतालाई उत्तर कोरियाले 'युद्धकार्य' को संज्ञा दिनुसितै अमेरिकासित शक्ति सन्तुलन गर्न परमाणु अस्त्र विस्तार कार्य नरोकिने पुष्टि गरेको छ। फलस्वरूप विश्व राजनीतिकै तनावपूर्ण स्थितिमा पुग्नुमा एउटा महत्त्वपूर्ण कारक अमेरिकी नीति भएको छ। एसियाको पूर्वी छेउमा कोरियाली प्रायद्वीपको विस्फोटक स्थिति र अर्को पश्चिमी छेउ जेरुसेलममा बढ्दो अशान्ति र इन्तिफादाकोआह्वानले यस वर्ष २०१८ मा उत्पात मच्चिने सम्भावना बढेको छ।

अमेरिकी राष्ट्रिय हित नै सर्वोपरी ठहर्याई विश्वकै सर्वशक्तिशाली राष्ट्र संयुक्त राज्य अमेरिकाका राष्ट्रपति तथा सेनाप्रमुख ट्रम्पले अख्तियार गरेको नीति र सीएनएनको समाचार अनुसार राष्ट्रपति भएपछि वर्षभरिमा २४,००० ट्वीट लेखी आफ्नो विचार प्रतिपादन गर्ने बानीले अमेरिकी कूटनीति सञ्चालन प्रक्रियाले विश्वमै प्रतिकूल प्रभाव पार्ने त होइन भनी आशंका बढ़ाएको छ। जुन अमेरिकी हित अनुकूल हुने छैन। यो अनुमानको पुष्टि जेरुसेलमको मुद्दामा संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद् तथा साधारणसभाको आकस्मिक बैठकमा ६ दिसम्बरमा अमेरिकाले जेरुसेलमलाई इजरायलको राजधानी घोषणा गर्दै तेल अभिभस्थितआफ्नो दूतावास जेरुसेलम सार्ने निर्णयलाई बहुसंख्यक सदस्य राष्ट्रहरूले मतदानद्वारा मान्यता नदिनुबाट हुन्छ।

सुरक्षा परिषद्को स्थायी तथा अस्थायी गरी १४ सदस्य राष्ट्रले ट्रम्पको घोषणाविरुद्ध प्रश्न गर्दै त्यो एकतर्फी निर्णय अस्वीकार गरेकामा अमेरिकाले 'भिटो' प्रयोग गरेपछि टर्की र यमनले अमेरिकी निर्णय निन्दनीय भएको प्रस्ताव साधारण सभामा पेस गरेका थिए। संयुक्त राष्ट्रसंघ (यूएन)-को तर्फबाट उक्त प्रस्ताव साधारणसभाको आकस्मिक बैठकमा पेस हुँदा उक्त प्रस्तावमाथि आवश्यक छलफलपछि मतदान हुँदा संयुक्त अधिराज्य, फ्रान्स, जर्मनी, इटाली र जापान जस्ता अमेरिकासित सामरिक सन्धि र घनिष्ट सम्बन्ध भएका मित्रराष्ट्रहरू लगायत १२८ राष्ट्रले प्रस्तावको समर्थन गरे। प्रस्तावको विपक्ष र अमेरिकाको पक्षमा भोट दिने ९ राष्ट्रमध्ये इजरायल र अमेरिकाबाहेक मार्शल आइल्यान्ड (जहाँ अमेरिकाले पहिले आणविक अस्त्र परिक्षण गर्‍यो), माइक्रोनेसिया, नाउट र पलाउजस्ता प्रशान्त महासागरमा छरिएका स-साना टापुहरूका राष्ट्रहरू थिए। पक्ष र विपक्षमा भोट नदिने ३५ राष्ट्रमध्ये दक्षिण एसियाको भुटान मात्र थियो। सार्क समूहका अरू सातै राष्ट्रले प्रस्तावको समर्थन गरेका थिए तर फिलिपिन्स, अस्ट्रेलिया र क्यानडाजस्ता अमेरिकासित सामरिक सन्धि हुने राष्ट्रहरूले कुनै पक्ष लिएनन्। त्यसमध्ये अचेल अमेरिकाको कटु आलोचक राष्ट्र फिलिपिन्सको व्यवहार विचारणीय छ। आसियन समूहका १० राष्ट्रमध्ये म्यानमार साधारणसभा बैठकमै उपस्थित भएन। अन्य ८ राष्ट्रले प्रस्तावको समर्थन गरे। नोभेम्बर २९, १९४७ मा यूएनको पेलिस्तिनी भूभागलाई अरब राज्य र यहुदी राज्यमा विभाजन गर्ने प्रस्तावलाई समर्थन गर्ने फिलिपिन्स मात्र एसियाको एक्लो राष्ट्र थियो। उक्त योजनाअनुसार जेरुसेलम (पवित्र शहर)-लाई यूएनको आधिकारिक प्रशासनिक संरक्षणमा विशिष्ट अन्तर्राष्ट्रिय 'स्टेटस' (मान्यता) प्रदान गरिएको थियो। साधारणसभा बैठकमा यूएनद्वारा प्रस्तुत प्रस्तावमा यही विषय पुनः उल्लेख गर्दै यूएनका पूर्वसान्दर्भिक प्रस्तावहरूको परिप्रेक्षमा पवित्र सहरको अन्तिम 'स्टेटस' समाधान गर्ने विषय अभिव्यक्त गरिएको थियो तर फिलिपिन्स अनिर्णित नै बस्यो।

हुन त संयुक्त राष्ट्रसंघको साधारणसभाद्वारा पारित कुनै पनि प्रस्ताव सुरक्षा परिषद्ले गर्ने निर्णयजस्तै कुनै पनि मुलुकका निम्ति बाध्यात्मक हुँदैन। यस प्रस्तावप्रति बहुमतको समर्थनले भने अरब राष्ट्रहरू र त्यहाँको जनसमूहका निम्ति सकारात्मक रहेको छ। अमेरिकाले जेरुसेलमलाई इजरायलको राजधानी घोषणा गरेकोमा यहुदीहरू जति हर्षित थिए विश्व जनमतले त्यसलाई अमान्य ठहर्याएकोमा मुस्लिम जगतले सन्तोषको सास फेरेको छ। साधारणसभा बैठकको अर्को सकारात्मक पक्ष भन्नु त्यहाँ भएका निर्णयले विश्वका अति संवेदनशील मुद्दाहरूमा अन्तर्राष्ट्रियस्तरमै सदस्य राष्ट्रहरूको मनोभाव अंकित गरेको छ। यस निर्णयले इजरायली इतिहासकै चरम दक्षिणपन्थी प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको महत्त्वाकांक्षा तुषारापात भएको छ।

त्यसैगरी जेरुसेलमको मुद्दामा अमेरिकी जनमतसमेत विभाजित रहेको अवस्थामा ट्रम्पको यस विवादित निर्णय विश्व संगठनमा पराजित हुनु अमेरिकी कूटनीतिक असफलता ठहरिएको छ। इजरायलको पक्षमा अमेरिकी नीति परिवर्तनको प्रयत्न विफल हुनु राष्ट्रपति ट्रम्पको निम्ति अशुभ संकेत हो किनभने उनको निर्णयले गत ७० वर्षदेखि अस्तित्वको संघर्षमा लागेका इजरायली र पेलिस्तिनीहरूको विद्यमान हैसियतमा परिवर्तन ल्याउनुको सट्टा समस्या चर्काउन सघाएको छ। यसले गर्दा इजरायल र पेलिस्तिनबीचको द्वन्द्व समाधान गर्ने अमेरिकी योजना बदलिंदो परिस्थितिमा असान्दर्भिक भएको छ। यो तथ्य पेलिस्तिनी राष्ट्रपति महमुद अब्बासको अमेरिकी शान्ति योजना अब स्वीकार्य नहुने भनाइले पुष्टि गर्छ। ट्रम्पको नेतान्याहुसितको सम्पर्क र सामीप्यताकै कारण पनि अमेरिकी शान्ति प्रक्रियाको निष्पक्षताप्रति पेलिस्तिनको मात्र नभई अरब जगतकै आशंका बढ़ेको छ।

त्यसमाथि जेरुसेलमलाई इजरायलको राजधानी घोषणा गरिनु लामो समयदेखि अड्केको शान्ति प्रक्रिया अघि बढ़ाई दीर्घकालीन सहमतिमा पुग्ने ट्रम्पको भनाइ कसैले पत्याएको छैन। ट्रम्पको यस निर्णयले गर्दा राज्यविहीनताको अवस्थामा रहेका पेलिस्तिनीहरूमा राज्यको आकांक्षा नै गुम्ने जोखिम बढ़ेको छ। जबकि १९६७ को अरब-इजरायल युद्धपछि कोरिएको सीमारेखाको आधारमा समेत इजरायल अधीनस्थ पूर्व जेरुसेलमलाई राजधानी बनाई पेलिस्तिनीहरूको आफ्नै राज्य निर्माण गर्ने अधिकार सुरक्षित राखेको छ। विश्व जनमतले पनि यही स्वीकारेको छ। जेरुसेलमको 'स्टेटस' को निक्र्योल हुनु नै शान्ति प्रक्रियाको अन्तर्य हुनुपर्छ किनभने पूर्वी जेरुसेलमको पहिचान अझै 'अधीनस्थ' नै रहेको छ। त्यसैले विवाद टुंगिएको छैन। त्यहाँका इसाई र मुस्लिम बासिन्दाहरूको ट्रम्पले अपमान गरेको इसाई पादरीहरूको भनाइ रहेको छ। यसले अस्थिरता र अराजकतालाई नै प्रश्रय दिने सम्भावना छ। किनभने पेलिस्तिनीहरूबीच पनि मेल छैन।

हमास र फताह संगठनमा विभाजित त्यहाँका जनतामा एक-आपसप्रति वैरभाव नरहेको होइन। यसको उपयोग इजरायलले नै गर्दै आएको छ। सन् १९६७ पछिको यो ५० वर्षमा इजरायलले अधीनस्थ क्षेत्रमा आफ्नो बस्ती बढ़ाउँदै लैजानुसित त्यहाँ अवस्थित गैरयहुदीहरूप्रति जुन दुव्र्यवहार गरेको छ त्यसको वृत्तान्त हालै प्रकाशित इयन ब्लैकको पुस्तक 'इन्मिज एन्ड नेवर्स : अरब्स एन्ड ज्युज इन पेलिस्तिन एन्ड इजरायल, १९१७-२०१७' मा पढ्न पाइन्छ। बेलायतका तत्कालीन विदेशमन्त्री अर्थर वेलफोरले पेलिस्तिनमा यहुदीहरूको घर बनाउने घोषणा (जसलाई वेलफोर घोषणा-१९१७ भनिन्छ) गरेपछिको इतिहासले आज स्मायुल पी. हन्टिङटनको प्रख्यात पुस्तक 'क्ल्यास अफ सिभिलाइजेसन'-कै स्मरण गराउँछ। पेलिस्तिनी जनतामा इजरायल र अमेरिकाप्रति बढ्दो वितृष्णा र नैराश्यताले कतै विगतको सन् २०००, २००८ र २०१४ मा जस्तै हिंसात्मक गतिविधि बढ्ने त होइन भनी आशंकित हुनु परेको छ। फलस्वरूप यसको फाइदा हमास समूहलाई हुनेछ र कूटनीतिक वार्ताद्वारा नै शान्ति प्रक्रिया अघि बढ़ाई पेलिस्तिनी हकअधिकार सुरक्षित गर्ने वाचा गर्दै आएका राष्ट्रपति अब्बासको प्रयास बिथोलिनेछ। सन् २००५ मा निर्वाचित भएदेखि नै अब्बास हिंसाविरुद्ध वार्ताको पक्षधर भएका छन्। इजरायल र पश्चिमी मुलुकहरूको निम्ति पनि उनी सर्वथा सहज अनि व्यावहारिक व्यक्तित्व भएका छन्।

तैपनि उनी गत ५० वर्षदेखिको अधीनस्थ इलाकाबारे वार्तामा कुनै प्रगति नभएबाट निराश छन्। यसमाथि गत सेप्टेम्बरमा ५० वर्षदेखि वेस्ट बैंक आफ्नो अधीनस्थ रहेको खुसियाली समारोहमा इजरायली प्रधानमन्त्री नेतन्याहुले 'हामी अब यहाँ सधैंका लागि बस्नेछौं। इजरायलको यो भूमिबाट हामीलाई कसैले हटाउन सक्नेछैन। हटाएमा शान्ति स्थापना हुनेछैन' भनेपछि पेलिस्तिनी जनतामा अब्बासको शान्ति कूटनीतिप्रति विश्वास सेलाएको छर अहिले ट्रम्पको अपरिक्व निर्णय उत्तेजनाको कारण भएको छ। यसले अब्बासप्रति पेलिस्तिनी जनताको विश्वास घटाउनुसितै हिंसा र घृणाको राजनीतिलाई प्रोत्साहित गरेको छ।

सुरक्षा परिषद्को स्थायी तथा अस्थायी गरी १४ सदस्य राष्ट्रले ट्रम्पको घोषणाविरुद्ध प्रश्न गर्दै त्यो एकतर्फी निर्णय अस्वीकार गरेकामा अमेरिकाले 'भिटो' प्रयोग गरेपछि टर्की र यमनले अमेरिकी निर्णय निन्दनीय भएको प्रस्ताव साधारण सभामा पेस गरेका थिए।

# हिंसात्मक आन्दोलनको मारमा इरान

## वार्ताबाट होइन राज्य संयन्त्रको चरम दुरुपयोग गरी विपक्षी आवाज दमन गर्ने पक्षमा उभिँदा समस्या झन् जटिल बन्यो।

● रामप्रसाद आचार्य

इरानमा फेरि सरकारविरुद्ध हिंसात्मक आन्दोलन शुरु भएको छ। सन् २०१७ को अन्त्य सँगसँगै शुरु भएको आन्दोलनले हिंसात्मक रूप लिएपछि २५ जनाभन्दा बढीको ज्यान गइसकेको छ भने सयौं घाइते भएका छन्। एक हजारभन्दा बढ़ी पक्राउ परेका छन्। भ्रष्टाचार र महँगीविरुद्धको यो आन्दोलन जनस्तरबाट स्वतःस्फूर्त भइरहेको छ। सरकारले यो आन्दोलनमा अमेरिकाको हात रहेको आरोप लगाएको छ। उता अमेरिकाले निरङ्कुश सत्ताविरुद्ध इरानी जनताले आन्दोलन चलाएको भन्दै स्वागत गरेको छ। यो आन्दोलन सँगसँगै इरान र अमेरिकाबीचको दूरी झन् बढ़ेको छ। यसअघि सन् २००९ मा तत्कालीन राष्ट्रपति महम्मुद अहमदिनेजादको चुनावी विजयविरुद्ध लाखौं मानिसले हिंसात्मक प्रदर्शन गरे। सो प्रदर्शनमा एक सयभन्दा बढ़ीको ज्यान गयो भने हजारौं पक्राउ परे। ग्रिन मुभमेन्ट अर्थात् हरित आन्दोलन नाम दिइएको विद्रोहलाई सरकारले क्रूरतापूर्वक दमन गर्‍यो। राष्ट्रपतिमा दोस्रो कार्यकालका लागि पुनःनिर्वाचित अहमदिनेजादले लिनु भएको कट्टरवादी दमन नीतिका कारण परिस्थिति सोचेभन्दा डरलाग्दो बन्यो। विपक्षीको मागलाई सम्बोधन गर्नुको साटो दबाउने प्रयास गर्नुभएकाले इस्लामिक क्रान्तिपछि पहिलोपटक इरानमा सरकारविरोधी विशाल प्रदर्शन भयो। प्रदर्शनकारीले तत्कालीन राष्ट्रपति अहमदिनेजादको मात्र होइन, सर्वोच्च नेता आयतोल्लाह अली खमेनीको समेत राजीनामा माग्दै हिंसात्मक प्रदर्शन गरे। एकातिर राजनीतिक विवाद र अर्कोतिर आणविक विवादका कारण इरानी नेतृत्व एकैपटक दोहोरो दबाबमा पर्‍यो तर हठी राष्ट्रपति अहमदिनेजाद वार्ताबाट होइन राज्य संयन्त्रको चरम दुरूपयोग गरी विपक्षी आवाज दमन गर्ने पक्षमा उभिँदा समस्या झन् जटिल बन्यो।

विवादास्पद राष्ट्रपतीय निर्वाचनपछि त अहमदिनेजादले चुनावी अभिमतले आफू शक्तिशाली भएको दाबी गर्दै विपक्षीलाई जसरी पनि तह लगाउने अभियानमा लाग्नुभयो। उहाँले विपक्षीको विरोध प्रदर्शनलाई बन्द गराउन सबै प्रकारका नियन्त्रणका उपाय अवलम्बन गर्नुभयो। उहाँले आफ्ना चुनावी प्रतिद्वन्द्वी मिर हुसेन मौसावी समर्थक नेता कार्यकर्तामात्र होइन, उहाँको पक्षमा समाचार सम्प्रेषण गर्ने सञ्चारमाध्यम र सञ्चारकर्मीलाई पनि कारबाहीको निशाना बनाउनुभयो। राष्ट्रपतिको विरोध गर्नेलाई देशद्रोहीको संज्ञा दिँदै मृत्युदण्डदेखि आजीवन काराबासको सजायसमेत दिनुभयो। राष्ट्रपतिको चुनावयता भएका विरोध प्रदर्शनका क्रममा सरकारी दमनमा परी ७० भन्दा बढ़ी विपक्षीका नेता तथा कार्यकर्ता मारिए भने पाँच जनालाई मृत्युदण्ड दिइयो। विपक्षी नेता मोहसेन अमिन्जादेलाई अराजकता फैलाउने काम गरेको आरोपमा जेल हालियो। सञ्चार मध्यममा अङ्कुश लगाउँदै ५५ जना पत्रकारलाईसमेत कैद गरियो। सन् १९७९ मा क्रान्तिमार्फत् राजा शाह मोहम्मल रेजा पल्लेवीलाई फालेर इस्लास्मिक गणतन्त्र बने यताको अवधिमा इरानले विभिन्न चुनौतीको सामना गर्न परेको छ। सत्तामा पुगेका शासनले शक्ति सन्तुलन कायम गर्न नसक्दा आर्थिक प्रगति गर्दागर्दै पनि आर्थिक समानता, राजनीतिक सहकार्य र सामाजिक न्यायलाई प्रभावकारी बनाउन नसक्दा इरानमा जन आक्रोश बढ़ेको छ। सत्ता समर्थक र विरोधीका रूपमा जनता विभाजित भएका छन्। यो विभाजनले मुलुक ठूलो दुर्घटनाको नजिक पुगेको छ। एकातिर सत्ताधारीहरू राज्य शक्तिको दुरूपयोग गरी मुलुकलाई आफ्नै पाराले चलाउन चाहेका छन् भने अर्कोतिर उदारवादी विपक्षीले लोकतान्त्रिक ढङ्गले इरानलाई अगाड़ि बढ़ाउनुपर्ने मान्यता राख्दै आएका छन्। सरकारको विरोध गर्नेलाई देशद्रोहीको संज्ञा दिँदै कठोर दमनमा सरकार उत्रनु जनआक्रोशको कारण बनेको छ। पछिल्ला घटनाक्रमले के देखाएको छ भने शक्तिको उन्मादमा नेतृत्वले जनताको भावनालाई राम्ररी बुझेर अगाडि बढ्न सकेन भने इरान ठूलो राजनीतिक द्वन्द्वमा फस्ने सम्भावना छ।

मूलतः अमेरिकाको कट्टर विरोधी मानिनु हुने अहमदिनेजादका कारण विगतमा इरान अनावश्यक विवादमा मुछियो। इरानले आफ्ना आणविक कार्यक्रमलाई पारदर्शी बनाउन नचाहेकै कारण पश्चिमी मुलुक बढी आतङ्कित र आशङ्कित बने। राष्ट्रपति अहमदिनेजादले दोस्रो कार्यकालमा उहाँमा बढ़ेका तीव्र महत्त्वाकाङ्क्षा एवं दमनात्मक नीतिका कारण आन्तरिक र बाह्य रूपमा उहाँको बढ़ी आलोचना भयो। विश्वको तेस्रो ठूलो तेल उत्पादक राष्ट्र इरानले विश्वको कुल तेल उत्पादनको नौ प्रतिशत अंश ओगटेको छ। तेल बेचेर आफूलाई सम्पन्न बनाउँदै लगेको इरानले पछिल्ला वर्षमा वैकल्पिक ऊर्जाका रूपमा आणविक ऊर्जा उत्पादन गर्ने लक्ष्यमात्र नराखी परमाणु हतियार बनाएर पश्चिम एसियामा आफूलाई सबैभन्दा शक्तिशाली राष्ट्र बन्ने लक्ष्य राखेको छ। पश्चिम एसिया विशेषगरी इजरायली प्रभाव बढ्न नदिन मात्र होइन, इजरायली अस्तित्वलाई समेत नामेट पार्ने सोचमा अहमदिनेजाद हुनुहुन्थ्यो। सन् १९७४ देखि आणविक ऊर्जाका नाममा आणविक क्षेत्रमा प्रवेश गरेको इरान अहिले परमाणु हतियार बनाउने अभियानमा लागेको छ। त्यसैका लागि व्यापक अन्तर्राष्ट्रिय विरोधलाई बेवास्ता गर्दै २० प्रतिशत युरेनियम प्रशोधन गरिसकेको छ। हुन त इरानले यो युरेनियम प्रशोधन कार्य आणविक हतियार उत्पादन गर्न नभई ऊर्जा उत्पादनका लागि हो भन्ने दाबी गरेको छ तर इरानी दाबीलाई विश्वास गर्ने आधार नभएको भनी पश्चिमी मुलुकहरू कडाभन्दा कड़ा नाकाबन्दी लगाउने काम गरेका छन्। सन् २०१५ मा अमेरिकासित भएको आणविक सम्झौताअनुसार केही समयका लागि स्थगित गरेको आणविक कार्यक्रम फेरि शुरु गर्दै छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सम्झौता खारेज गरेपछि इरानको विवादास्पद आणविक कार्यक्रमअन्तर्गत पाँचवटा परियोजना पुनः सञ्चालन गर्ने सोच बनाएको छ। बुसर प्लान्ट, क्युओम प्लान्ट, इजफाहन प्लान्ट, नातान्ज प्लान्ट र अराक प्लान्टमा अर्बौं डलर लागनी गरेको इरानले रुसी र जर्मनी प्रविधि भिडयाएको छ। ती परियोजनामा रुसको सहयोग र लगानी रहेको छ। ऊर्जा उत्पादन गर्ने नामबाट शुरु गरिएका परियोजनलाई परमाणु हतियार बनाउन प्रयोग गरेपछि अन्तर्राष्ट्रिय समुदाय विशेषगरी अमेरिका र संयुक्त राष्ट्रसङ्घ इरानप्रति नकारात्मक बनेका छन्। सन् २०१५ मा अमेरिकी तत्कालीन राष्ट्रपति बाराक ओबामाले इरानसित बिग्रेको सम्बन्ध सुधार गर्दै आणविक सम्झाता गर्नुभयो। यो सम्झौता सँगसँग इरानले आणविक कार्यक्रम स्थगित गर्नुका साथै आफ्नो आणविक क्षेत्रको अन्तर्राष्ट्रिय अनुगमनका लागि अनुमति दियो। अन्तर्राष्ट्रिय नाकाबन्दी केही खुकुलो हुने चरणमा थियो तर वर्तमान राष्ट्रपति ट्रम्पले इरानसँग गरिएको आणविक सम्झौता रद्द गरेसँगै फेरि विवाद चुलिन थालेको छ। अमेरिकाले यो सम्झौता रद्द गरेपछि इरानले आफ्नो आणविक कार्यक्रम पुनः शुरु गर्ने धम्की दिएको छ। सिया बाहुल्य इरान प्राचीन कालमा विशाल साम्राज्य थियो। सन् १९३५ सम्म यसलाई पर्सिया भनेर सम्बोधन गरिन्थ्यो। आठ करोड जनसङ्ख्या रहेको, १६ लाख ५० हजार वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको, पर्सियाली मुख्य भाषा रहेको, इस्लाम धर्म मान्ने, औसत आयु ७५ (पुरुष) र ७७ (महिला) रहेको इरान सन् १९७९ मा इस्लामिक क्रान्तिसँगै राजतन्त्र अन्त्य भई गणतान्त्रिक मुलुक बनेको हो। यो क्रान्तिको नेतृत्व गर्नुभएका आयतोल्लाह खोमेनी सर्वोच्च नेता बन्नुभयो।

सन् १९८९ को जुनमा उहाँका उत्तराधिकारीका रूपमा वर्तमान सर्वोच्च नेता आयतोल्लहा अली खमेनीले सत्ताको बागडोर सम्हाल्नुभएको छ। इस्लामिक क्रान्ति सम्पन्न भएको एक वर्षपछि छिमेमी इराकसँग युद्ध शुरु भयो। सन् १९८० देखि ८८ सम्म भएको यो युद्धमा व्यापक जनधनको क्षतिभयो। यो युद्धपछि पश्चिमी मुलुकसँग सम्बन्ध बिग्रँदै गयो। यसैबेला रुसको सहयोगमा आणविक कार्यक्रम अगाडि बढ़ायो। सन् २००२ मा अमेरिकी तत्कालीन राष्ट्रपति जर्ज डब्लू बुशले इरानलाई 'दुष्ट राष्ट्रहरूको समूह' मा राखेपछि सम्बन्ध झन् खराब अवस्थाम पुग्यो। अमेरिकाले थप अन्तर्राष्ट्रिय नाकाबन्दी लगायो। अहमदिनजादको दुई कार्यकाल विवादमै बित्यो। सन् २०१३ मा उदारवादी नेता हसन रुहानी राष्ट्रपतिमा निर्वाचित हुनुभयो। उहाँको आगमन सँगसँगै अमेरिकालगायत अन्तर्राष्ट्रिय समुदायसँगको बिग्रँदो सम्बन्धमा केही सुधार आयो। सन् २०१५ मा अमेरिकासँग आणविक सम्झौता भयो। यो सम्झौता सँगसँगै इरानले आणविक हतियार नबनाउने प्रण गरी आफ्नो आणविक क्षेत्रको अन्तर्राष्ट्रिय अनुगमन अनुमति दियो। क्रमशः सुधारउन्मुख इरानसितको सम्बन्ध राष्ट्रपति ट्रम्पको आगमनसँगै फेरि सङ्कटमा पर्न थालेको छ।